# प्रदेश सभा

## गण्डकी प्रदेश

## पाँचौं अधिवेशन

## (चौधौं बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति : २०७६/११/२९ गते, अपरान्ह १:०० बजे ।

प्रदेश सभा, गण्डकी प्रदेशको दोस्रो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको १ बजेर १८ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्यहरु आजको बैठक कारबाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम शून्य समय प्रारम्भ हुन्छ । शून्य समयमा बोल्न चाहानु हुने माननीय सदस्यहरुको लागि १ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु । माननीय कृष्ण बहादुर थापा ।

**माननीय कृष्ण बहादुर थापा**

माननीय सभामुखज्यू, २/४ दिन यता छापाहरुमा साथै इलेक्टोनिक्स मिडियाहरुमा पनि फेवातालमा जुन प्रदेश सरकारको तर्फबाट करोडौं लगानी गरेर त्यहाँ सिल्ट्रेसन ड्यामहरु बनाउने र जोगाउने जुन एकखालको लक्ष्य राखिएको छ, तर त्यो मिडियाहरु मार्फत त्यो एकदमै कमजोर संरचना बनेको, गुणस्तरहिन भएको, लगायतका कुराहरु आइरहेको हुँदा प्रदेश सरकारले लगानी गरेको त्यति ठूलो योजनामा के भएको हो? त्यसको वास्तबिकता हाम्रो यो सम्मानित सभामा सभामुखज्यू मार्फत त्यसको छानबिन सहित गरेर जानकारी गराउँदा धेरै राम्रो हुन्छ । भन्ने लागेको छ । तत्काल त्यसतर्फ सभामुखज्यूले ध्यान दिनुहुन हार्दिक अनुरोध गर्दछु। धन्यवाद।

**माननीय सभामुख नेत्रनाथ अधिकारीज्यू**

माननीय सदस्यहरु, शून्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरु अब बिशेष समय प्रारम्भ हुन्छ । निर्धारित समय भित्र माननीय

सदस्यहरुले आ-आफ्नो स्थानबाट आ-आफ्नो भनाई राखुहुन अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री बिन्दुकुमार थापा, समय ६ मिनेट ।

## माननीय बिन्दुकुमार थापा

सभामुख महोदय, अघिल्लो वर्ष हामीले धेरै सम्भावना बोकेको आशा लाग्दो योजनाको रुपमा प्रत्येक निर्वाचन क्षेत्रमा एक-एक ओटा मुख्यमन्त्री जलवायु मैत्री नमुना कृषि गाउँ स्थापना गर्ी एक-एक जना कृषि विज्ञ प्राविधिकको समेत ब्यवस्था गरेका थियौं । त्यो असाध्यै त्यहाँ त्यो लागु भएको क्षेत्रमा यो कास्की क्षेत्र २ को (२) मा पोखरा १६ यो जुम्लेटी र यो जोगिमुडी भन्ने क्षेत्रमा त्यो हामीले कृषि नमुना गाउँ त्यहाँ लागु गर्यौं । र त्यो ठाउँको कृषकहरु पनि ज्यादै उत्साहित भएर अगाडि बढिराखेको अवस्था छ । र त्यस ठाउँमा स्वच्छ तथा स्वच्छ कृषि उपज उत्पादन, भकारो सुधार, सिँचाई ब्यवस्थापन, कृषिमा स्वरोजगार तथा रोजगारीको अवसरको सृजना, विषादी रहित  उपज उत्पादन गरि कृषि पर्यटनको माध्यमबाट होमस्टेलाई समेत टेवा पुग्ने गरी ल्याईएको उक्त कार्यक्रम अहिले बेवारिसे अवस्थामा पुगेको छ । त्यो ठाउँमा कास्की क्षेत्र नं २ को निर्वाचन क्षेत्र २ को (२) मा जुन यो मुख्यमन्त्री जलवायु मैत्री नमुना कृषि गाउँ भनेर स्थापना गरियो । त्यो ठाउँमा बिगत ६ महिनादेखि प्राविधिक त्यहाँ हुनुहुन्न अहिले । त्यहाँ भैराखेको प्राविधिकलाई हटाईएको छ भने नयाँ प्राविधिक त्यहाँ पठाईएको छैन । अब त्यहाँ म माननीय सभामुख मार्फत प्रदेश सरकारलाई के भन्न चाहान्छु भने यो स्थायी कर्मचारीको उपलब्धता नहुने अवस्था हो भने यो अस्थायी अथवा यो करारमा भए पनि यो कृषिविज्ञ अथवा यो प्राविधिकको ब्यवस्था गर्नपर्छ भन्ने मैले भनाई म यहाँ जोड््दार रुपमा राख्न चाहान्छु । र त्यो क्षेत्रमा जुन हामीले मुख्यमन्त्री जलवायु मैत्री नमुना कृषि गाउँ भनेर जुन क्षेत्रमा हामी घोषणा गरेका छौं । त्यो क्षेत्रमा यो ब्यापक रुपमा यो बाँदरको आतङ्क त्यहाँ पनि फैलिराखेको छ । र त्यहाँका आज बिहान मात्रै मैले अवलोकन गर्न त्यो क्षेत्रमा गाको थिए । र त्यसमा त्यहाँको कृषकहरुले बाँदरको समस्याको बारेमा पनि हामीलाई अवगत गराउनु भाको थियो । त्यसकारण यो बाँदरको समस्यालाई पनि समाधान गर्नको लागि माननीय सभामुख मार्फत म प्रदेश सरकारको ध्यान आकृष्ट गर्न चाहान्छु । अर्को एउटा बिषय अघिल्लो वर्ष हामीले गण्डकी प्रदेश सरकारले प्रत्येक निर्वाचन क्षेत्रमा न्यूनतम २ ओटा वडा जोड्ने गरेर प्रदेश गौरबको रुपमा यो गण्डकी प्रदेश कै गौरबको रुपमा हामीले प्रदेश नमुना सडकको हामीले थालनी गर्यौं र त्यसलाई बजेट विनियोजन पनि भएको अवस्था छ । कास्की क्षेत्र नं (२) को कुरा गर्दा खेरी यो सडक अहिले प्रकृया अगाडि बढिराखेको छ तर एउटै वडामा  २० नं वडामा मात्रै सिमित भाको छ ।

हामीले डि.पि.आर गर्दा खेरी ११, २० र १६ तिन ओटा वडा जोड्ने गरेर यो प्रदेश नमुना सडकको हामीले परिकल्पना गरेका थियौं । र त्यही अनुसारको डि.पि.आर पनि तयार भैसकेको अवस्थामा अहिले यो डि.पि.आरको काम अथवा यो योजना  वडा नं २० मा मात्रै सिमित गरिएको छ । त्यसकारण यो हरिहर गुफा वडा नं २० को हरिहर गुफाबाट यो सिप्लेकुना, कुर, पिप्ले, घुर्कुनाबाट जोगिमुडी भन्ने ठाउँसम्म जोड्ने करिब यो १८ किलोमिटरको यो प्रदेश नमुना सडक हो । यो सडकमा बजेट विनियोजन भाको छैन । त्यसकारण म यो माननीय सभामुख मार्फत प्रदेश सरकारको ध्यान आकृष्ट गर्न चाहान्छु । अब यो ७७/७८ को बजेटमा किन भने यो प्रदेश नमुना सडक २ ओटा वडा जोडिनु पर्ने न्यूनतम भन्ने त्यो हाम्रो त्यति खेरको यो परिकल्पना पनि हो ।  र अहिले एउटा वडा मा मात्रै सिमित भाको छ यो सडक । र ९ किलोमिटर मात्रै भाको छ र यसलाई १८ किलोमिटर सम्म पुर्याउनको लागि पनि यो २० नं वडाबाट १६ नं वडासम्म पुग्नको लागि त्यो अनुसारको बजेटको ब्यवस्था अबको यो ७७/७८ को बजेटमा परोस् । भने म माननीय सभामुख मार्फत प्रदेश सरकारको ध्यान आकृष्ट गर्न चाहान्छु, धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्य श्री पियारी थापा, समय ५ मिनेट ।

## माननीय सदस्य श्री पियारी थापा

माननीय सभामुख महोदय, हिजो मात्रै गण्डकी प्रदेश सरकारले आफ्नो दुई वर्षे कार्यकाल समाप्त गरेर ३ वर्ष लागेको अवसरमा एउटा भब्य कार्यक्रम समापन गरेको छ । हिजो यो जुन प्रकारको भब्य कार्यक्रम गरेको छ । हिजो मञ्चबाट हामीले त्यसलाई शुभकामना दिन नसकेपनि आजको यो बिषेश सभाबाट शुभकामना ब्यक्त गर्न चाहान्छु । बिशेष समयबाट मैले शुभकामना ब्यक्त गर्न चाहान्छु । र जनताको अपेक्षा अनुसार काम गर्नुस् । जनताको अपेक्षा अनुसार काम गर्नका निमित्त यो प्रदेश सरकार सधैव सफल रहोस् भन्ने शुभकामना ब्यक्त गर्न चाहान्छु । सभामुख महोदय, म बिरोध कै लागि बिरोध गर्नुपर्छ भन्ने पक्षमा छैन । आजको बिशेष समयमा सरकारको प्रमुख ब्याक्तित्व जो मुख्यमन्त्री हुनुहुन्छ । हिजोको कार्यक्रमको अध्यक्षता उहाँकै थियो । उहाँले एउटा बिषयमा खण्डन गर्ने सन्दर्भमा जुन प्रकारको बाक्यंशको प्रयोग गर्नु भएको छ, जो अत्यन्तै अ मर्यादित, अराजनैतिक किसिमको छ सभामुख महोदय, देशमा कर बृद्धि भैरहेको छ, मूल्य बृद्धि भैरहेको छ, सेवा शुल्क बृद्धि भैरहेको छ भनेर अभिब्यक्ति आज कसले दिरहेको छ? सभामुख महोदय, प्रतिपक्षले मात्रै दिएको अवस्था हो? पक्कै पनि होइन । आम जनताले भोगेको पिडा हो सभामुख महोदय, आज जहाँ जानुस्, करको बृद्धि भयो, मूल्य बृद्धि भयो

भनेर चर्को आवाज उठिरहेको छ । मान्छेलाई माथीबाट ढुङ्गले थिच्ने अनि ऐया पनि भन्न नपाउने? यो कहाँको लोकतन्त्र, लोकतन्त्र भित्रको संघीय संरचना हो? सभामुख महोदय, सरकारलाई निर्वाचित गराएर पठाउने आम जनतालाई पशुपंक्षीसँग जोडेर जुन भ्रास जुन मुख्यमन्त्रीज्यूले पोख्नु भएको छ । कुकुर भुक्दै छ, काग कराउँदै छ । उक्त बाक्यांश तत्काल फिर्ता लिनु पर्छ सभामुख महोदय, जनतालाई पशुपंक्षीसँग तुलना गर्ने अधिकार कहाँबाट मिल्यो सभामुख महोदय, उक्त बिषय गम्भीर छ । र मुख्यमन्त्रीको गम्भीर आलोचना गर्दै उक्त वाक्यांश तत्काल फिर्ता लिनका लागि साथै आत्माआलोचित हुनका लागि पनि जोड्दार माग गर्दछु । सभामुख महोदय, यति मात्रै थिएन, सेवा सुबिधाको विधेयकको सन्दर्भमा पनि एउटा सार्वजनिक कार्यक्रममै जनप्रतिनिधि तथा प्रदेश सभाका सदस्यहरुलाई एक मुठा घाँस खाने र दुई मुठा खाने भनेर कटाक्ष गर्नु भएको थियो । सभामुख महोदय, घाँस कसले खान्छ ? घाँस कसले खान्छ? सभामुख महोदय, हामीलाई थाहा छ। त्यसकारण बोल्ने क्रममा दिएको यस्तो खालको अपमानजनक अमर्यादित शब्दावलीहरु माथी बन्देज गरिनुपर्छ । सरकारको प्रमुख भएकै आधारमा अमर्यादित र अराजनैतिक खालको भाषाको प्रयोग गर्ने छुट छैन । त्यसकारण आजको बिशेष समय मार्फत उहाँको गम्भीर आलोचना गर्दै आगामी दिनमा यस्ता क्रीयाकलाप नदोहोरियोस भन्ने माग गर्न चाहान्छु, धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु, बिशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यही समाप्त हुन्छ । माननीय सदस्यहरु अब म माननीय सामाजिक विकास मन्त्री श्री नरदेबी पुन मगरलाई बिभिन्न मितिका सभाको बैठकमा शून्य समय र बिशेष समयमा माननीय सदस्यहरुले उठाउनु भएका आफ्नो मन्त्रालयसँग सम्बन्धित बिषयलाई सम्बोधन गर्न अनुमती दिन्छु ।

## माननीय सामाजिक विकासमन्त्री नरदेबी पुन मगर

माननीय सभामुखज्यू, सामाजिक विकास मन्त्रालयका कार्यक्रमहरुको बारेमा माननीयज्यूहरुले बिभिन्न खालको जिज्ञासा राख्नु भाको छ । त्यसको सन्दर्भमा मैले आफ्नो जानकारी राख्ने अनुमती चाहान्छु । पहिलो प्रश्न सामुदायिक सिकाई केन्द्रको भवन निर्माण र बजेटको बारेमा प्रश्न उठेको थियो । हामीले अघिल्लो वर्ष सामुदायिक सिकाई केन्द्रलाई बजेट विनियोजन गरेका थियौं । यस वर्ष हामीले सामाजिक विकास मन्त्रालयमा बजेट कम छुट्टिएको र छुट्टिएको बजेटबाट पनि हामीले गण्डकी विश्वबिद्यालय र गण्डकी प्राविधिक

प्रतिष्ठानलाई पनि बजेट छुट्याउनु पर्ने भाको कारणले गर्दा खेरी यस पटक हामीले सामुदायिक सिकाई केन्द्रलाई केन्द्रको भवन र यसको कार्यक्रमको लागि बजेट छुट्याउन नसकेको कुरा जानकारी गराउन चाहान्छु । र साथै यो सामुदायिक सिकाई केन्द्र बिशेष गरिकन स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्छ भन्ने कुरा पनि म जगजायर गराउन चाहान्छु । दोश्रो परिचालिकाहरुको पारिश्रमिक सम्बन्धमा कुरा उठेको थियो। परिचालिकाहरुको सन्दर्भमा नेपाल सरकारले स्थानीय तहलाई लेखि पठाएको छ । तिम्रो आवश्यकता अनुसार राख्न सक्छौ । भन्ने हिसाबले त्यस्तो हिसाबले लेखी पठाएको कुरा यहाँहरुको बीचमा म जानकारी गराउन चाहान्छु । अर्को अपाङ्गता क्षेत्रमा (क) र (ख) ले मात्रै सुबिधा प्राप्त गर्ने (ग) र (घ) ले किन नगर्ने भन्ने प्रश्न थियो । (क) र (ख) मा पर्ने हाम्रा अपाङ्ग नागरिकहरु असाध्यै अर्काको सहयोग बिना केही पनि गर्न नसक्ने अवस्थामा भाको कारणले गर्दा खेरी नेपाल सरकारले उक्त नागरिकरुलाई भत्ताको ब्यवस्था गरेको छ । तर (ग) र (घ) का वर्गमा पर्ने हाम्रा अपाङ्ग नागरिकहरु केही सहयोग गर्यो भने आफ्नो खुट्टामा आफै उभिन सक्ने भाको कारणले गर्दाखेरी हामीले नेपाल सरकारले (ग) र (घ) वर्गका आपाङ्ग नागरिकहरुलाई भत्ताको ब्यवस्था नगरेको कुरा जानकारी गराउन चाहान्छु । सँगै यस्तो (ग) र (घ) वर्गमा पर्ने नागरिकहरुलाई हामीले सिपमूलक तालिम दिएर आफ्नो खुट्टामा आफै उभाउनको निम्ति कोशिस गरेको कुरा पनि यहाँहरुको बीचमा म जानकारी गराउन चाहान्छु । सँगै असहाय तथा बिपन्न वर्गका नागरिकहरुलाई मानव सेवा आश्रमले सहयोग गरेको छ । यसमा प्रदेश सरकारको भूमिका के छ? भन्ने प्रश्न थियो । हामी असहाय तथा बिपन्न नागरिकहरुलाई मानव सेवा आश्रमले गरेको जुन सेवा छ, जुन सहयोग छ त्यसबाट हामी प्रभावित भयौं । जसको कारणले गर्दा खेरी हामी अघिल्लो वर्ष हाम्रो गण्डकी प्रदेशमा रहेको चार ओटा मानव सेवा आश्रमलाई ४४ लाख बजेट दिएका थियौं र यस वर्ष पनि हामीले १ करोड ७५ लाख बजेटको ब्यवस्था गरेको कुरा यहाँहरुको बीचमा म राख्न चाहान्छु । सँगै गण्डकी प्रदेशमा जुनकोरोना भाइरसको सन्दर्भमा कस्तो खालको सतर्कता अपनाएको छ, गण्डकी प्रदेश सरकारले भन्ने जुन प्रश्न थियो, त्यसको सन्दर्भमा म केही जानकारी राख्ने अनुमती चाहान्छु । कोरोना भाइरसको जुन प्रचार जुन त्यो कुरा आइसकेपछि हामीले सामाजिक विकास मन्त्रालयले हाम्रो गण्डकी प्रदेश भित्र रहेका स्वास्थ्य संस्थाहरु सबैलाई हामीले सामाजिक विकास मन्त्रालयमा एउटा

छलफलको ब्यवस्था गयौं । र त्यो छलफल पछि हामीले हाम्रो स्वास्थ्य निर्देशकको संयोजकत्वमा मणिपाल, पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान, जिएमसी लगायतको एउटा टिम गठन गरेर एउटा टिम गठन गरेका छौं र उक्त टिमले बैठक बसेर आफ्नो कार्ययोजना बनाएको कुरा जानकारी गराउन चाहान्छु । सँगै त्यस्तो संक्रमित खालको शङ्का लाग्यो भने स्वास्थ्य निर्देशनालयमा खबर गर्न र त्यस्ता ब्याक्तिहरुलाई चेकजाँच गरिकन शंका लागेको अवस्थामा हामीले मणिपालमा १५ बेड, जिएमसीमा १५ बे